**मिति २०८२।११।२८ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को दशौं नगर कार्यपालिकाको बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको प्रशासकीय भवन एवं परिसरमा रहेका अन्य शाखा लगायतका भवनमा मिति २०८२ भाद्र २४ गते जेनजी(GenZ) आन्दोलनका क्रममा भएको आगजनी तथा तोडफोडबाट मुल भवनमा भएको क्षतिको प्राविधिक परिक्षण गरी नारायणी इन्जिनियरिङ्ग ल्याब र रिसर्च सेन्टर प्रा.लि. भरतपुर-१२ चितवनबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने र उक्त मुल भवन लगायत परिसरमा रहेका अन्य भवनहरुको मर्मत, स्तरोन्नती एवं पुनःनिर्माणका लागि प्राविधिकहरुले पेश गरेको लागत अनुमान स्वीकृत गर्ने र उक्त लागत अनुमान बमोजिम गैंडाकोट नगरपालिकाको तर्फबाट नगर विकास कोष (TDF) नयाँ बानेश्वर,काठमाण्डौंसंग अनुदान तथा ऋण सहयोग माग गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन नगर विकास कोष लगानी विनियमावली, २०७९ बमोजिम नगरपालिकाहरुलाई आयोजनाको वित्तीय ढाँचा प्रस्ताव बमोजिम नगरपालिकाको लगानी रहने गरी कोषलाई स्वीकृत प्राविधिक लागत अनुमानको प्रस्ताव नगर विकास कोष (TDF) नयाँ बानेश्वर,काठमाण्डौंलाई सिफारिस पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै रेट्रोफिटिङ्गको कार्य विशेष प्रकृतिको भएको र तत्काल गर्नुपर्ने भएकोले उक्त कार्य रु. १० लाख भित्रबाट हुने गरी कोटेशन विधि र अन्य पुनः निर्माण गर्ने भवनको हकमा टेण्डर प्रक्रियाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको आयोजनामा नगर कार्यपालिका पदाधिकारीहरु एवं शाखा प्रमुखहरुलाई स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धी अन्तर्कियात्मक अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकाको आ.व. २०८२/०८३ को सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८३ बैशाख १० गते विहिबारको दिन विहान ११.०० बजे हर्कपुर वडा नं. १२ मा रहेको श्रीकृष्ण मन्दिर परिसरमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाले आगामी २०८३ सालका लागि देहाय बमोजिमका स्थानीय सार्वजनिक विदाहरु दिने निर्णय गरियो ।

| क्र.सं. | विदाको प्रकार | विदा लागू हुने मिति |
|---|---|---|
| १ | अन्तराष्ट्रिय आदिवासी जनजाति दिवस | २०८३ श्रावण २४ गते आईतबार |
| २ | हरितालिका तीज व्रत | २०८३ भदौ २९ गते सोमबार |
| ३ | जितिया पर्व | २०८३ असोज १८ आईतबार |
| ४ | हरिबोधिनी एकादशी(तुलसी बिवाह) | २०८३ मंसिर ४ गते शुक्रबार |
| ५ | मगर एकता दिवस | २०८३ फागुन १५ गते शनिबार |

**निर्णय नं.५** गैंडाकोट नगरपालिकाको चालू आ.व. २०८२/०८३ का योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि उपभोक्ता समिति मार्फत सम्झौता गर्ने मिति २०८२ चैत्र १५ गतेसम्म अन्तिम मिति निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** गैंडाकोट नगरपालिका क्षेत्र भित्र आवसीय एवं व्यवसायीक घर, भवन तथा टहरा निर्माण गर्नुपूर्व नगरपालिकाको घर नक्सा तथा अभिलेखीकरण शाखाबाट नियमानुसार स्वीकृत लिई मात्र गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना जारी गर्ने, साथै उक्त निर्माण कार्यमा संलग्न सुचिकृत निर्माण व्यवसायीहरु तथा सामुदायिक वन समितिहरुलाई समेत परिपत्र गर्ने निर्णय गरियो ।

राजेन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

[illegible] अधिकारी
नगर प्रमुख

**निर्णय नं. ७** सडक विभाग,संघीय सडक सुपेरिवेक्षण तथा तथा अनुगमन कार्यालय, सडक डिभिजन भरतपुरको च.नं. २४४, मिति २०८२/०८/१९ को पत्रबाट र सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको च.नं. ३०५ मिति २०८२।०७।२५ गतेको पत्र र श्री रणनिति कन्स्ट्रकसन प्रा.लि.को मिति २०८२।११।२६ को पत्रबाट माग भई आए बमोजिम उक्त कार्यालय अन्तर्गतका आयोजनाको लागि थप ३००० घन मिटर वालुवा, गिट्टी लगायतका निर्माण सामाग्री उपलब्ध गराउन लेखी आएको सम्बन्धमा तपशिल बमोजिमको निर्णय गरियो।

- नदीजन्य पदार्थ वालुवा, गिट्टी लगायतका निर्माण सामाग्री २६५३.२९ घन मिटर परिमाण प्रदेश सरकारले तोकेको दररेट बमोजिमले हुन आउने राजश्व लिई गैंडाकोट वडा नं. ७ मा मौज्दात रहेको सामाग्री श्री रणनिति कन्स्ट्रकसन प्रा.लि.लाई उपलब्ध गराउने
- मिति२०८२।०८।१५ गतेको कार्यपालिकाको निर्णय बमोजिमको ४२,०००/- घन मिटर र थप २६५३.२९ घन मिटर परिमाणको मुल्यांकन रु. १,२६,२६,५७५ कर सहित र संकलन शुल्क रु. ८९,३०,६५८ गरी जम्मा रु. २,१५,५७,२३३ कायम गर्ने, साथै किंगफिसर/ रणनीति जे.भी.बाट सो सम्बन्धि सम्झौता तथा कार्यसम्पादन जमानत लिई मौज्जतमा रहेको नदिजन्य पदार्थ उल्लेखित आयोजनालाई उपलब्ध गराउने।

**निर्णय नं. ८** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन कार्य गर्ने Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलको निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने, साथै सम्बन्धित वडाहरुसंग आवश्यक समन्वय गरी,वडा समितिको सिफारिस र तोकिएका स्थानहरुको स्थानीयबासीको समेत सहमति गरी चालू आ.व.मा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दररेट बमोजिमको राजश्व यस नगरपालिकाको खातामा दाखिला गरी देहाय बमोजिमको जग्गाबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन गर्न अनुमति दिने साथै उक्त कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन समेत गर्ने निर्णय गरियो।

**तपशिल:**

| क्र.सं. | स्थान र क्षेत्रफल | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ६ ( कि. नं. ११०२) क्षेत्रफल ९-१३-१-१ र ( कि. नं. ७७) क्षेत्रफल १०-५-१-० जग्गा बाट २०५०.८५ घनमिटर ढुंगा | खम बहादुर गन्द्रमा | गैंडाकोट-१८ |
| २ | साविक कोटथर ६ ( कि. नं. २४४) क्षेत्रफल (१८-०-१-०) जग्गा बाट १८३३.४३ घनमिटर ढुंगा | सुर्यप्रसाद पराजुली / तिलक प्रसाद पराजुली | गैंडाकोट-१८ |
| ३ | साविक कोटथर ६( कि.नं. २८४ ) क्षेत्रफल २४-०-३-३ जग्गाबाट १२२३.९५ घनमिटर ढुंगा | नन्दुलाल थापा मगर | गैंडाकोट-१८ |
| ४ | साविक वेल्डिया २ ख ( कि.नं. ४१) क्षेत्रफल ०-१५-६-० जग्गाबाट ३१०८.६३ घनमिटर माटो | झविसरा आले | गैंडाकोट-१८ |
| ५ | गैंडाकोट- १४ का कि.नं. ६७० लगायतका नीजि जग्गा ) क्षेत्रफल ३५१५०.५४ जग्गाबाट १०५४५.१६ घनमिटर डेविज मेटेरियल्स | मिग एग्रो फार्म ललितपुर, १५ नेपाल | गैंडाकोट-१४ |

रामचन्द्र लम्सगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती देवी ... 
नगर उप-प्रमुख

गदन गल्त अधिकारी
नगर प्रमुख

गण्डकी प्रदेश, २०७३

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि,२०८२ को दफा (३) उपदफा (१५) मा भएको व्यवस्था संशोधन गरी Metal/Steel Frame structure हरुको हकमा सोझै अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ । नक्सा पास गर्ने सम्बन्धमा भने Metal/Steel Frame structure हरुको हकमा २५०० ब.फु भन्दा माथिको संरचनाहरुलाई मात्र structure report पेश गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी सब ईन्जिनियर श्री खगेन्द्र क्षेत्रीले कार्यालयमा पेश गरेको निवेदन अनुसार गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली-२०८० को नियम ११२ बमोजिम मिति २०८२ चैत्र ११ गते देखि लागू हुनेगरी १ बर्षको लागि असाधरण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** सडक बोर्ड नेपाल र गैंडाकोट नगरपालिकाको लागत साझेदारी मार्फत आ.व.२०८२/०८३ मा सडक बोर्ड नेपालबाट स्थानीय सडक मर्मत संभार कार्यको लागि विनियोजन भएको रु. ३० लाख बजेट र नगरपालिकाको सडक बोर्ड साझेदारी शिर्षकमा विनियोजन भएको रु. २० लाख थप गरी जम्मा रु. ५० लाख बजेटबाट देहाय बमोजिमका योजनाहरु कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) कुसुमघाट जानेबाटो निर्माण गैंडाकोट -५ को लागि रु १० लाख

ख) भवानी प्याकेजिङ्ग जाने बाटो निर्माण गैंडाकोट – को लागि रु.७ लाख

ग) नारायणी किनार जाने बाँकी रहेको ढलानबाटो निर्माण गैंडाकोट -७ को लागि रु.१० लाख

घ) गणेश चोक देखि सिमेन्ट फ्याक्ट्रीसम्म जाने बाटो निर्माण गैंडाकोट -१३ को लागि रु.१० लाख

ङ) चन्द्रसेन चोक देखि एनसेलसम्म जानेबाटो निर्माण गैंडाकोट -१३ को लागि रु.१३ लाख

**निर्णय नं.१२** गैंडाकोट नगरपालिका अन्तर्गतका विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएको सन्दर्भमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिम योजना तथा कार्यक्रमहरुमा अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

क)योगीनरहरीनाथ कोटिहोमको गैंडाकोट- १० को सभा हल निर्माणको लागि बजेट रु . १० लाख

ख)वडा नं. १५ को वडा कार्यालय भवन परिसरमा घेराबार निर्माणको लागि रु. १० लाख

ग)गैंडाकोट -११ मा रहेको कृष्ण मन्दिर निर्माण एवं स्तरोन्नतीको लागि रु.१० लाख

घ) गैंडाकोट -८ मा रहेको गैही खेत कृषक समुहलाई कुलो निर्माण लागि रु.२ लाख ५० हजार

**निर्णय नं.१३** भूमि समस्या समाधान आयोग अन्तर्गत गैंडाकोट नगरपालिका वडा नं. ३ स्थित चनौटे क्षेत्रको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नापजाँच गर्ने वडास्तरीय सहजीकरण समिति एवं नगरस्तरीय सहजीकरण समितिको निर्णय बमोजिम मिति २०८२/०२/०९ को नापजाँचको प्रकाशित सूचना र मिति २०८२/०५/०४ को दाबी विरोधको ७ दिने सूचनामा कुनै पनि उजुर-बाजुर नपरेको अवस्था साथै २०८२ भाद्र २४ गते जेनजी(GenZ) आन्दोलनका क्रममा भएको आगजनी, तोर्डफोडका क्रममा भूमि शाखामा रही जलेका आवश्यक कागजातहरु पुनः तयार गरिएकोमा लालपुर्जा प्राप्ति प्रक्रियाका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति नवलपरासी(ब.सु.पू) पठाउने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

नगर प्रमुख

गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १४** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ५ | वडा स्तरीय विविध योजना क्र.सं. ३८८ | रु.५,००,०००/- | स्याङ्ताङ्तान मार्ग मोज्याक टायल | रु.२,००,०००/- |
| | | | श्रीप्रसाद मार्ग स्तरोउन्नती | रु.१,५०,०००/- |
| ५ | विद्युत, सूचना तथा नविनतम कार्यक्रम क्र.सं.४०१ | रु.३,००,०००/- | सरस्वती पार्क निर्माण | रु.१,५०,०००/- |
| | | | सिमेन्ट बेन्च खरिद् | रु.५०,०००/- |
| | | | विद्युत तारपोल विस्तार | रु.१,००,०००/- |
| ५ | कैलाश मार्ग निर्माण क्र.सं.३९२ | रु.१५,००,०००/- | गणपति मार्ग (बैकुण्ठ नगर ) | रु.१५,००,०००/- |
| ७ | तारा परियारको घरबाट पश्चिम तर्फ मोज्याक टायल क्र.सं. ४३१ | रु.२,००,०००/- | हरिहर मन्दिरको दक्षिण तर्फ बाबुराम भुसाल घरतर्फ मोज्याक टायल | रु.२,००,०००/- |
| १३ | कृषि तथा पशु तालिम क्र.सं.५६३ | रु.१,००,०००/- | सुमि चोक देखि श्रीलाल पौडेलको घर जाने बाटो स्तरोउन्नती | रु.६,३२,०००/- |
| | वाल उद्यान पार्क अनपिच्छे क्र.सं.५८२ | रु.२,००,०००/- | | |
| | विविध योजना तथा कार्यक्रम संचालन क्र.सं.५६५ | रु.२,००,०००/- | | |
| | सुशासन तथा संस्थागत विकास क्र.सं.५६७ | रु.१,००,०००/- | | |
| | दिल बहादुर परियारको घर जाने बाटो स्तरोन्नती सिखौली टोल क्र.सं.५७१ | रु.३२,०००/- | | |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन जंग अधिकारी
नगर प्रमुख